# मध्यनेपाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार, लमजुङ

गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०८१/०८२

च.नं.

फोन नं ०६६-४१०२५२


## विपन्न महिला/एकल तथा अपाङ्गता भएका व्यक्तिका लागि बिउ पुँजी प्रदान कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०२**

यस नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विपन्न महिला/एकल तथा अपाङ्गता भएका व्यक्तिका लागि बिउ पुँजी प्रदान कार्यक्रम यस नगरपालिका भित्र रहनुभएको एकल/अपाङ्गता/विपन्न महिलाको उत्थान/आयआर्जन वृद्धिका लागि बाख्रा तथा बंगुरको पाठा/पाठी वितरण गर्ने कार्यक्रम संचालन हुने भएकोले इच्छुक वर्ग भित्र पर्ने व्यक्तीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०८२/०३/०८ गते) आवश्यक कागजात सहित यस नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क.स | कार्यक्रमको नाम | संचालन हुने वडा | लक्ष्य | इकाई | अनुदान प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बाख्राको पाठा/पाठी वितरण | ६ र ७ | २२ | गोटा | ८०% अनुदान |
| २ | बंगुरको पाठा/पाठी वितरण | ६ र ७ | २० | गोटा | |

**आवश्यक कागजातहरु**

- निवेदन
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- अपाङ्गताको हकमा प्रतिलिपि (वर्ग "ग" पहेलो कार्ड र "घ" सेतो कार्ड लाई प्राथमिकता दिईनेछ)
- अघिल्लो दुई आ.व. मा पालिका बाट अनुदान (कृषि औजार, बिउ पुँजीको रुपमा बंगुर/बाख्राको पाठा/पाठी) लिए नलिएको स्व-घोषणा पत्र

पुनश्चः प्राप्त निवेदनहरु सम्बन्धमा नगरपालिका कार्यालयबाट निर्धारित मापदण्डका आधारमा मूल्याङ्कन गरी लाभग्राहीहरु छनौट गरिनेछ। बाख्रा तथा बंगुर पालन गर्दै आइराख्नु भएको र आर्थिक अवस्था कमजोरलाई विशेष प्राथमिकता दिईनेछ। निवेदक यसै नगरपालिका भित्र स्थायी बसोवास गरेको विपन्न महिला/एकल/अपाङ्गता भएका व्यक्ति हुनु पर्नेछ ।

थप जानकारीको लागि नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत